# बन्दीपुर गाउँपालिका

# बन्दीपुर राजपत्र


बन्दीपुर गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ०९ संख्याः२१ मितिः २०८३/०३/३१


भाग २

## बन्दीपुर गाउँपालिका

गाउँ कार्यपालिका कार्यालयको सूचना

## बन्दीपुर अस्पतालमा कार्यरत चिकित्सक एवम् कर्मचारीहरुको थप सुविधा कार्यविधि, (पहिलो संशोधन) २०८३

"बन्दीपुर अस्पतालमा कार्यरत चिकित्सक एवम् कर्मचारीहरुको थप सुविधा कार्यविधि २०८२" लाई संशोधन गर्न बान्छनीय भएकाले,

"बन्दीपुर अस्पताल संचालन तथा व्यवस्थापन ऐनः२०८२" को दफा १३ को उपदफा (१) को अधिकार प्रयोग गरेर बन्दीपुर गाउँ कार्यपालिकाले यो कार्यविधि सशोधन गरेको छ ।

**कार्यपालिकाद्वारा स्वीकृत मितिः२०८३/०३/०८**

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>

१) यो कार्यविधिको नाम **"बन्दीपुर अस्पतालमा कार्यरत चिकित्सक एवम् स्वास्थ्यकर्मीहरुको थप सुबिधा कार्यविधि (पहिलो संशोधन) २०८३"** रहेको छ ।

२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. **"बन्दीपुर अस्पतालमा कार्यरत चिकित्सक एवम् कर्मचारीहरुको थप सुविधा कार्यविधि, २०८२" को दफा २. को (क) मा संशोधनः** "बन्दीपुर अस्पतालमा कार्यरत चिकित्सक एवम् कर्मचारीहरुको थप सुविधा कार्यविधि, २०८२" (यसपछि "मूलकार्यविधि" भनिएको) को दफा २. (क) को "वा बन्दीपुर अस्पताल अन्तर्गतको कार्यजिम्मेवारिमा पछी थप हुन आउने अन्य शाखाहरु समेत" शब्दहरु झिकिएका छन् ।

३. **मूलकार्यविधिको दफा २. (ठ) मा संशोधनः** मूलकार्यविधिको दफा २. (ठ) को "बिहान १० बजेदेखि बेलुकी ५ बजे वा ४ बजे (जाडो मौसममा) सम्म" शब्दहरु झिकिएका छन् ।

४. **मूलकार्यविधिको दफा ३. को २) मा संशोधनः (१)** मूलकार्यविधिको दफा ३. को २) को बुँदा (ख) को सट्टा देहायको बुँदा राखिएको छः-

"(ख): ६ महिना पश्चात निजको शुरु तलबको ७०% रकम प्रोत्साहन भत्ता स्वरूप उपलब्ध गरिनेछ,"

**(२)** मूलकार्यविधिको दफा ३. को २) को बुँदा (ग) झिकोएको छ ।"

५. **मूलकार्यविधिको दफा ३. को ४) को (१) को (क) मा संशोधनः** मूलकार्यविधिको दफा ३. को ४) को (१) को (क) को हाजिरी सम्बन्धित तालिकाको सट्टा देहायको तालिका राखिएको छः-

**"(क) हाजिरीः**

| **क्र.सं.** | **महिनामा भएको हाजिरी दिन** | **तोकिएको प्रोत्साहन रकमको उपलब्ध गरिने प्रतिशत** | **कै.** |
|---|---|---|---|
| | | **(अ)** | |
| १. | २० दिन वा सो भन्दा बढी | तोकिएको प्रोत्साहन रकमको १००% | |
| २. | १६ दिन देखि १९ दिनसम्म | तोकिएको प्रोत्साहन रकमको ७५% | |
| ३. | १२ दिन देखि १५ दिनसम्म | तोकिएको प्रोत्साहन रकमको ५०% | |
| ४. | १२ दिन भन्दा कम भएमा | प्रोत्साहन रकम उपलब्ध नहुने/नगरिने | |

६. **मूलकार्यविधिको दफा ३. को ५) को मा संशोधनः** मूलकार्यविधिको दफा ३. को ५) को ख) र ग) बुँदाहरु झिकिएका छन् ।

७. **मूलकार्यविधिको दफा ५. को ५) मा संशोधनः** मूलकार्यविधिको दफा ५. को ५) बुँदाको सट्टा देहायको बुँदा राखिएको छः-

"५) अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि प्रत्येक महिना वा त्रैमासिक वा चौमासिक रुपमा भुक्तानीका लागि हिसाब गर्दा निजले सो समयावधिमा गर्नुपर्ने जम्मा डिउटी कार्यदिन अपुग भएको अवस्थामा

निजलाई सो समयको अतिरिक्त कार्यसमय बापतको भुक्तानी गरिनेछैन । (स्पष्टिकरणः कर्मचारीहरु विदामा गएको समयलाई अतिरिक्त कार्यसमय भुक्तानीका लागि गणना गरिनेछैन । कर्मचारीहरुबाट अत्यावश्यक भन्दा बाहेकको अवस्थामा विदाका लागि अनुरोध कम होस् भन्ने उद्देश्य सहित यो व्यवस्था राखिएको हो ।)"

८. **मूलकार्यविधिको दफा ५. को ७) मा संशोधनः** मूलकार्यविधिको दफा ५. को ७) बुँदाको "रात्रीकालिन डिउटीलाई एक कार्यदिन/डिउटी मात्र मानिनेछ । रात्रीकालिन शिफ्ट डिउटीको समय (बेलुकी ८:०० बजे (जाडोमा बेलुकी ७:०० बजे) देखि अर्को दिनको बिहानको ७:०० बजेसम्म) अन्य शिफ्ट डिउटीको भन्दा बढी भएता पनि" भन्ने शब्दहरु झिकिएका छन् ।

९. **मूलकार्यविधिको दफा ५. को ८) मा संशोधनः** मूलकार्यविधिको दफा ५. को ८) बुँदामा रहेको "७ घण्टा" भन्ने शब्दको सट्टामा "८ घण्टा" भन्ने शब्दहरु राखिएका छन् ।

१०. **मूलकार्यविधिको दफा ५. को ९) मा संशोधनः** मूलकार्यविधिको दफा ५. को ९) बुँदामा रहेको "कार्यसम्पादन मुल्यांकन मासिक रुपमा गरिने र भुक्तानी हुने समयावधिको औषत निकाली" भन्ने शब्दहरुको सट्टामा "भुक्तानी हुने समयावधिको कार्यसम्पादन मूल्यांकन गरी" भन्ने शब्दहरु राखिएका छन् ।

११. **मूलकार्यविधिको दफा ६. मा संशोधनः** मूलकार्यविधिको दफा ६. मा रहेको "रु.१५०/-" भन्ने शब्दको सट्टा "रु.३००/- (अक्षरेपी तीन सय रुपैया)" भन्ने शब्दहरु राखिएको छन् ।

१२. **मूलकार्यविधिको दफा ७. मा संशोधनः** मूलकार्यविधिको दफा ७. मा रहेको "रु.२००/-" भन्ने शब्दको सट्टा "रु.३००/- (अक्षरेपी तीन सय रुपैया)" भन्ने शब्दहरु राखिएको छन् ।

१३. **मूलकार्यविधिको दफा १०. मा संशोधनः** मूलकार्यविधिको दफा १०. को सट्टा देहायको बुँदा राखिएको छः-

"**१०.** यातायातको सुबिधाः बन्दीपुर अस्पतालमा कार्यरत चिकित्सक तथा कर्मचारीहरुका लागि अस्पतालद्वारा यातायात तथा ईन्धनको सुबिधा उपलब्ध गर्न सकिनेछ ।"

१४. **मूलकार्यविधिको दफा ११. को २) क) मा संशोधनः** मूलकार्यविधिको दफा ११. को २) क) मा रहेको "रु.५,६००/-" भन्ने शब्दको सट्टा "रु.१०,०००/- (अक्षरेपी दश हजार रुपैया) राखिएको छ ।

१५. **मूलकार्यविधिको दफा ११. को २) ख) मा संशोधनः** मूलकार्यविधिको दफा ११. को २) ख) मा रहेको तालिकाको सट्टा देहायको तालिका राखिएको छः-

**देहायः**

| **क्र.सं.** | **सेवाग्राहीको संख्या** | **थप सुबिधा रकम** | **कै.** |
|---|---|---|---|
| १. | १ देखि २० जना सम्म | रु.४,०००/- | |
| २. | २१ देखि ४० जना सम्म | रु.६,०००/- | |
| ३. | ४० भन्दा बढी | रु.८,०००/- | |

आज्ञाले
कमल बहादुर के.सी
प्रमुख प्रशासकीय अधिकृत